बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

विधेयक सङ्ख्या: ६४

# प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

बागमती प्रदेश सभा सचिवालय

बागमती प्रदेश, हेटौंडा, नेपाल

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

# उद्देश्य र कारण

युवाको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी शिक्षा, सीप, उद्यमशिलता र रोजगारीमा युवाको प्रतिनिधित्व, भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश तथा राष्ट्र निर्माणका लागि युवा सम्बन्धी नीति निर्माण गर्न युवाहरुको सार्थक सहभागिता अभिवृद्धि गरी प्रदेश तथा राष्ट्र विकासको मुल प्रवाहमा युवालाई समावेश गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको युवा परिषद् ऐन, २०७६ लाई दीगो र प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस ऐनमा भएको केहि व्यवस्थाका कारण प्रदेश सरकार तथा मन्त्रालयलाई कार्य गर्न कठिनाई उत्पन्न भएको अवस्थालाई सहज र सरल बनाउन वाञ्छनीय भएकोले आवश्यक संशोधनको लागि प्रदेश सभा समक्ष यो विधेयक पेश गर्दछु।

........................................
मा. रत्न प्रसाद ढकाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

## अध्यादेश जारी गर्नु परेको परिस्थिति र कारण

युवाको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी शिक्षा, सीप, उद्यमशिलता र रोजगारीमा युवाको प्रतिनिधित्व, भूमिका र योगदानलाई प्रवर्द्धन गर्दै समुन्नत प्रदेश तथा राष्ट्र निर्माणका लागि युवा सम्बन्धी नीति निर्माण गर्न वाञ्छनीय भएकोले बागमती प्रदेशकोप्रदेश सभाले संवत् २०७६ सालकोऐन नं. २३ अन्तर्गत प्रदेश युवा परिषद्को सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन (संक्षिप्त नामः प्रदेश युवा परिषद् ऐन, २०७६) बनाएकोसाथै मिति २०७७/०१/०३ गते प्रमाणिकरण भई कार्यान्वयनमा रहेको अवस्था छ ।

ऐ. ऐन कार्यान्वयनको सिलसिलामा तत्काल परिषद्का पदाधिकारीको अभावमा परिषद्का गतिविधिहरू निष्क्रिय अवस्थामा रहेको कारणले गर्दा ऐनको केही व्यवस्थाहरूलाई समसामयिक,व्यवहारिक वनाउन तत्काल संशोधन गर्नु आवश्यक भएको, परिषद्लाई क्रियाशिल वनाई प्रदेश सरकारका युवा सम्बन्धी युवा सम्बन्धी गतिविधि, योजना तथा कार्यक्रमहरूलाई अगाडि वढाउनु पर्ने मन्त्रालयको जिम्मेवारी भएको साथै परिषद्को स्वीकृत वार्षिक कार्यक्रमहरूलाई कार्यान्वयन गरी वार्षिक लक्ष्य तथा प्रगति हासिल गर्न ऐनमाभएका प्रावधानलाईसंशोधनमार्फत नै समस्या निरोपण गर्न वाञ्छनीय भएको र प्रदेश सभाको अधिवेशन नभएकोले प्रदेश युवा परिषद् ऐन, २०७६ लाइ संशोधन गर्न बनेको अध्यादेश नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम मिति २०७८/१२/२२ मा प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको हुँदा नेपालको संविधानको धारा २०२ को उपधारा (२) बमोजिम सो अध्यादेश प्रदेश सभामा पेश भएको थियो।

...............................

मा. रत्न प्रसाद ढकाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

# आर्थिक टिप्पणी

प्रस्तुत विधेयकमा संशोधनका लागि पेश भएको दफाहरुले युवाको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तिकरण गरी शिक्षा, सीप, उद्यमशीलता र रोजगारीमा युवाको प्रतिनिधित्व, भूमिका र योगदानलाई प्रवर्द्धन गर्न मद्दत पुऱ्याउछ। हाल पेश गरिएको यो संशोधनले युवा परिषद ऐन, २०७६ को व्यवस्थामा भएको कार्य जिम्मेवारी सम्बन्धमा सामान्य हेरफेर गरिएको र प्रदेश सरकारको कार्य जिम्मेवारी बाँडफाँट बमोजिम मन्त्रालयको नाम परिवर्तन गरिएको हुनाले प्रदेश सरकारलाई थप व्ययभार नपर्ने देखिन्छ।

...................................................
रत्न प्रसाद ढकाल
मन्त्री
युवा तथा खेलकुद मन्त्रालय

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

## प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

**प्रस्तावनाः** प्रदेश युवा परिषद् ऐन, २०७६ को केहि व्यवस्थाहरुलाई समसामयिक, व्यवहारिक र प्रगतिशिल बनाउनका लागि संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "प्रदेश युवा परिषद् (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेश युवा परिषद् ऐन, २०७६ को दफा ५मा संशोधनः** प्रदेश युवा परिषद् ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा ५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ।"

३. **मूल ऐनको दफा ७ मा संशोधनः** मूल ऐनको दफा ७ को उपदफा (७) मा रहेको "उपाध्यक्षले" भन्ने शब्दको सट्टा "सचिवले" भन्ने शब्द राखिएको छ।

४. **मूल ऐनको दफा ८ मा संशोधनः** मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छः-

"(२क.) उपदफा (२) बमोजिमको उपाध्यक्षको पदमा नियुक्त नभएको वा कुनै कारणले रिक्त भएको अवस्थामा उपाध्यक्षको कामकाज मन्त्रालयको सचिवले गर्नेछ।"

५. **मूल ऐनको दफा १३ मा संशोधनः** मूल ऐनको दफा १३ को उपदफा (२)को,-

(१) खण्ड (क)मा रहेको "परिषद्को सिफारिसमा" भन्ने शब्दहरु झिकिएका छन् ।

(२) खण्ड (ख)मा रहेको "परिषद्को सिफारिसमा" भन्ने शब्दहरू झिकिएका छन् ।

६. **मूल ऐनको दफा १४ मा संशोधनः** मूल ऐनको दफा १४ को खण्ड (क) मा रहेको "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "युवा हेर्ने मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन् ।

माननीय रत्न प्रसाद ढकाल
मन्त्री

प्रदेश युवा परिषद् ऐन, २०७६ लाई संशोधन गर्न बनेको अध्यादेश, २०७८

| क्र.सं. | भएको व्यवस्था | प्रस्तावित संशोधन | कारण र औचित्य |
|---|---|---|---|
| १ | ऐनको दफा ५ को उपदफा (५) "उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको भनी परिषद्ले निर्णय गरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।" भएको । | दफा ५ को उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-<br>"(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनित सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा मन्त्रालयले निजलाई जुनसुकै बखत सदस्यको पदबाट हटाउन सक्नेछ ।" | मन्त्रालयको अधिकार क्षेत्र दायरा थप फराकिलो बनाउनु पर्ने भएकोले । |
| २ | ऐनको दफा ७ को उपदफा (७) "परिषद्को बैठकको निर्णय उपाध्यक्षले प्रमाणित गरी राखेछ।" भएको । | मूल ऐनको दफा ७ को उपदफा (७) मा रहेको "उपाध्यक्षले भन्ने शब्दको सट्टा "सचिवले" भन्ने शब्द राखिएको छ ।" | सामान्यतया निर्णय प्रमाणित गर्ने प्रचलन सचिवको रहेकोले । |
| ३ | मूल ऐनको दफा ८ को उपदफा (२) पछि उपदफा (२क.) थप नभएको। | मूल ऐनको दफा ८ को उपदफा (२) पछि देहायको उपदफा (२क.) थपिएको छः-<br>"(२क.) उपदफा (२) बमोजिमको उपाध्यक्षको पदमा नियुक्ति नभएको वा कुनै कारणले रिक्त भएको अवस्थामा उपाध्यक्षको कामकाज मन्त्रालयको सचिवले गर्नेछ ।" | परिषद्को कामकारवाहीलाई चलायमान बनाई राख्न आवश्यक भएकोले । |
| ४ | ऐनको दफा १३ को उपदफा (२) "(क) माध्यमिक शिक्षा परीक्षा (कक्षा १२) वा सो सरह उतीर्ण गरी स्थानीय तहमा युवाको संरक्षण, सम्वर्द्धन वा युवा विकास र परिचालनको क्षेत्रमा विशेष योगदान पर्याएको युवाहरू मध्येवाट परिषद्को | मूल ऐनको दफा १३ को उपदफा (२) को,-<br>खण्ड (क) मा रहेको "परिषद्को सिफारिसमा" भन्ने शब्दहरु झिकिएको छ । | मन्त्रालयको अधिकार क्षेत्र दायरा थप फराकिलो बनाउनु पर्ने भएकोले |



मन्त्री

बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
हेटौंडा, मकवानपुर, नेपाल

| क्र.सं. | भएको व्यवस्था | प्रस्तावित संशोधन | कारण र औचित्य |
|---|---|---|---|
| | सिफारिसमा मन्त्रालयले मनोनित गरेको व्यक्ति- अध्यक्ष ।" भएको । | | |
| ५ | ऐनको दफा १३ को उपदफा (२) "(ख) युवा हक, हितको संरक्षण र सम्वर्द्धनमा विशेष योगदान पुर्याएको व्यक्ति वा संघ संस्थाको प्रतिनिधित्व हुने गरी प्रदेश निर्वाचन क्षेत्र दुई भएका जिल्लामा कम्तीमा एक जना महिला सहित तीन जना, प्रदेश निर्वाचन क्षेत्र चार भएका जिल्लामा कम्तीमा दुई जना महिला सहित पाँच जना, प्रदेश निर्वाचन क्षेत्र छ भएका जिल्लामा कम्तीमा तीनजना महिला सहित सात जना, प्रदेश निर्वाचन क्षेत्र छ भन्दा बढी भएका जिल्लामा कम्तीमा चार जना महिला सहित नौ जना परिषद्को सिफारिसमा मन्त्रालयले नियुक्ति गर्ने-सदस्य" भएको | मूल ऐनको दफा १३ को उपदफा (२) को,-<br><br>खण्ड (ख) मा रहेको "परिषद्को सिफारिसमा" भन्ने शब्दहरु झिकिएको छ । | मन्त्रालयको अधिकार क्षेत्र दायरा थप फराकिलो बनाउनु पर्ने भएकोले |
| ६ | ऐनको दफा १४ "(क) सामाजिक विकास मन्त्रालय र परिषद्बाट स्वीकृत नीतिको अधिनमा रही युवा सम्बन्धी जिल्लास्तरीय योजना तथा कार्यक्रमको समन्वय, सहजिकरण र सञ्चालन गर्ने, गराउने," भएको | मूल ऐनको दफा १४ को खण्ड (क) मा रहेको "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "युवा हेर्ने मन्त्रालय" राखिएको छ। | प्रदेश सरकार कार्यविभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्र हेरफेर भई युवा तथा खेलकुद मन्त्रालयको स्थापना भएकोले । |

माननीय रत्न प्रसाद ढकाल
मन्त्री